| गाउँपालिका राष्ट्रिय महासंघ नेपाल | नेपाल नगरपालिका संघ | जिल्ला समन्वय समिति महासंघ |
|---|---|---|

मिति: २०७९।१०।२१

**श्री प्रमुखज्यू, सबै ७७ जिल्ला समन्वय समिति**
**श्री प्रमुखज्यू, सबै २९३ महा/उपमहा/नगरपालिका**
**श्री अध्यक्षज्यू, सबै ४६० गाउँपालिका**

**विषय: निवेदन संकलन गरी पठाउने सम्बन्धमा**

प्रस्तुत सन्दर्भमा मिति २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा उम्मेदवार भई कानुनबमोजिम बुझाउनुपर्ने निर्वाचन खर्चको बिवरण नबुझाउने उम्मेदवारलाई कारवाही गर्ने सम्बन्धमा निर्वाचन आयोग, नेपालको मिति २०७९।०५।३१ मा गरेको निर्णयले स्थानीय सरकारका संघ/महासंघहरुको गम्भिर ध्यानाकर्षण भएको छ। निर्वाचन खर्चको विवरण नबुझाएको कारण निर्वाचन आयोग, नेपालले १ लाख २३ हजार ६ सय ५० जना उम्मेदवारलाई कारवाही स्वरुप १ लाख ५० हजार देखि ७ लाख ५० हजारसम्म जरिवाना गर्ने निर्णयउपर सम्माननीय राष्ट्रपतिज्यूबाट मिनाहाको लागि अनुरोध गर्दै जरिवाना तोकिएका सबै उम्मेदवारहरुले संयुक्त निवेदन दिने कार्यक्रम रहेको छ । यस कार्यको लागि सबै गाउँ/नगरपालिकाहरुबाट संयुक्त निवेदनको स्क्यान कपी इमेल प्राप्त भैरहेको र यसै निवेदनको आधारमा नेपाल सरकारमार्फत सम्माननीय राष्ट्रपतिज्यूसमक्ष आवेदन गरिने प्रकृया अघि बढेको छ। तर, निवेदनकर्ताहरुको सक्कल निवेदन नै संकलन गरी पेश गर्नुपर्ने भएकोले देहायबमोजिम प्रकृयामार्फत सबै सामुहिक निवेदन काठमाडौं स्थित तपसिलमा उल्लिखित ठेगानामा आइपुग्ने व्यवस्था मिलाउनु हुन सबै जिसस, महा/उपमहा/नगरपालिका र गाउँपालिकाहरुमा हार्दिक अनुरोध गर्दछौं।

**निवेदनको सक्कल कपी पठाउने प्रकृया**

१. सबै महा/उपमहा/नगरपालिका र गाउँपालिकाहरुले आ-आफ्नो संयुक्त निवेदनको फाइल सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा पठाउने। जिल्ला समन्वय समितिमा संकलन गरिसक्नु पर्ने मिति २०७९।१०।२५ गतेभित्र।
२. जिल्ला समन्वय समितिले सबै निवेदनहरु प्राप्त भएको यकिन गरी सोको कपी एकमुष्ट रुपमा काठमाडौं स्थित देहायबमोजिमको ठेगानामा पठाउने । पठाउने मिति २०७९।१०।२९ गते भित्र।

जिल्ला समन्वय समितिले संकलन गरेको संयुक्त निवेदन देहायबमोजिमको ठेगानामा पठाउने।

| क्र.सं. | सामाग्री पठाउने ठेगाना | सम्पर्क व्यक्ति र सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति महासंघ केन्द्रीय कार्यालय, बबरमहल (सिंहदरबार दक्षिण गेटको अगाडी) जिल्ला समन्वय समिति काठमाडौंको भवनको चौथो तला | श्री कृष्णचन्द्र न्यौपाने, कार्यकारी निर्देशक, जिल्ला समन्वय समिति महासंघ, सम्पर्क ९८४१५१३८०७, इमेल kneupane47@gmail.com, adccn@adccn.org.np | वा |
| २ | नेपाल नगरपालिका संघ केन्द्रीय कार्यालय, बालुवाटर | श्री कलानिधी देवकोटा, कार्यकारी निर्देशक, नेपाल नगरपालिका संघ सम्पर्क ९८५१०५७३२१ इमेल: mail.kalanidhi@gmail.com, muan@ntc.net.np | वा |
| ३ | गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, केन्द्रीय कार्यालय, कमलादी काठमाडौं गणेशस्थान पछाडी | श्री राजेन्द्रप्रसाद प्याकुरेल, कार्यकारी निर्देशक, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल। सम्पर्क ९८५१०७२७८२, इमेल: rajendrapyakurel2015@gmail.com info@narmin.org.np | |

| लक्ष्मीदेवी पाण्डे | भिमप्रसाद ढुङ्गाना | राजन मेहता |
|---|---|---|
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल | नेपाल नगरपालिका संघ | जिल्ला समन्वय समिति महासंघ |

पुनश्च: निर्वाचनमा उम्मेदवार भएका तर खर्च विवरण नबुझाइ आयोगबाट जरिवाना तोकिएका सबै (मृत्यु भएका बाहेक) को दस्तखत समावेश गर्नुहुन ।